ཀྭེར་ཡུཐ་གྲུཔ
ᱪᱩᱭᱮᱨ ᱞᱩᱠ ᱢᱩᱭᱩ ᱜᱨᱩᱯ
क्वयेर युथ ग्रुप
کوییر یۆث گروپ
Queer Youth Group
क्वयेर युथ ग्रुप
Queer Youth Group

दर्ता नं : २४४९३५/०७७/०७८

सन् २०१८ मा फुक्का संजालको रुपले सुरु भएको सन् २०२० मा मुनाफा वितरण नगर्ने संस्थाका रूपमा दर्ता भएको हामी सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्ति (क्वयेर व्यक्ति)हरूद्वारा नेतृत्व गरिएको र क्वयेर अधिकारमा कार्यरत छौँ।

Ref. No. चलानी नं ०७६/७७/७८
Date मिति २०७७/०७/३०
PN पना ९

नेसं ११४१ कछला २७
२०७७ कार्तिक ३०

सार्वजनिक वक्तव्य

हरेक वर्ष नोभेम्बर २० तारिखका दिन पारलैङ्गिक स्मृति दिवस (Transgender Day of Remembrance) मनाइन्छ। यो दिवस पारद्वेषिता (Transphobia)को शिकार भई ज्यान गुमाउन परेका दिगवंतहरूको सम्झनामा मनाइन्छ। पारलैङ्गिक व्यक्तिहरू प्रति राखिने घृणाको भाव वा कुनै व्यक्ति पारलैङ्गिक भएकै कारण उसको लैङ्गिक पहिचान लक्षित घृणाको भावलाई पारद्वेषिता (ट्रान्सफोबिया) भनिन्छ। पारलैङ्गिक व्यक्तिहरू घर, परिवार, समाज, विद्यालय लगायतका शैक्षिक संस्था, कार्यालय, सार्वजनिक स्थल लगायत सबै ठाउँमा आफ्नो लैङ्गिक पहिचानकै कारण विभिन्न स्वरूपका हिंसाका शिकार हुन बाध्य छन्। पारलैङ्गिक व्यक्तिहरू प्रति व्याप्त घृणा र द्वेषका कारण कतिपय पारलैङ्गिक व्यक्तिहरूले ज्यान गुमाउन परेको छ : कसैको हत्या नै गरिन्छ भने कसैलाई आत्महत्या गर्न बाध्य तुल्याइन्छ। पारलैङ्गिक व्यक्तिहरूले समजमा भोगिरहेको निरन्तर हिंसाहरूका बारेमा ध्यानाकर्षण हुन उत्तिकै महत्वपूर्ण छ।

यस सालको पारलैङ्गिक स्मृति दिवस (नोभेम्बर २०) का दिन पारद्वेषी हिंसाको शिकार भई ज्यान गुमाएका दिगवंत पारलैङ्गिक व्यक्तिहरूको स्मृतिमा आ-आफ्नो अनुकूलतामा मैनबत्ति, दियो लगायत प्रज्वलन गर्न आवहान गर्दछौँ भने सामाजिक संजालमा यस दिवस बारे आफ्नो सन्देश साथ पोस्ट गर्न पनि आवहान गरिन्छ। समाजमा व्याप्त पारद्वेषिता र पारलैङ्गिक व्यक्तिहरू प्रति हुने हिंसा सम्बन्धी सृजनात्मक पोस्टहरू गर्न हामी प्रोत्साहन गर्छौँ। सामाजिक संजालमा पोस्ट गर्दा अनिवार्य रूपमा #TdorNepal र #TdorNepal2020 ह्यास-ट्यागहरू उल्लेख गर्न अनुरोध गरिन्छ। यसरी ह्यास-ट्यागको प्रयोगले नेपालमा मनाइने यस दिवसका सम्पूर्ण सामाजिक संजालको सामाग्रीलाई एकसुत्रमा राख्नुका साथै सालको आधारमा पनि एकसुत्र गर्न मद्दत गर्दछ। विश्वव्यापी सन्दर्भका लागि #TDoR र #TDoR2020 ह्यास-ट्याग प्रयोग गर्न सकिन्छ। हामी उक्त दिन यस ह्यास-ट्यागलाई पछ्याउनेछौँ र यसमा आएका पोस्टहरू सयेर गरी सामाजिक संजाल मार्फत् पारलैङ्गिक व्यक्तिहरू प्रति हुने हिंसा बारे बुलन्द आवाज उठाउनेछौँ।

रुक्शना

रुक्शना कपाली
कार्यकारी निर्देशक

ईमेल: queeryouthgroup.nepal@gmail.com
सम्पर्क नं : +९७७-९८०८२६२६९९
ठेगाना : लपुमनपा-१६, ललितपुर, प्रदेश ३
http://fb.com/QYGnepal/
qygnepal
QueerYouthGroup